# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## चौरपाटी गाउँपालिका

अछाम




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चौरपाटी गाउँपालिका

अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## चौरपाटी गाउँपालिका

अछाम

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम

पत्र संख्याः २०७९।८०
च.नं. ४८९,

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
चौरपाटीगाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
अछाम ।

**कैफियत सहितको राय**

हामीले चौरपाटी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.३ करोड १९ लाख १ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १५ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ८७ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु १ करोड १६ लाख १५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ११ करोड ५१ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १४ करोड ७० लाख ५१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# चौरपाटी गाउपालिका अछाम

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४० | ४४ | ३१९०१ | ० | ० | ० | ४० | ४४ | ३१९०१ | १५३७ | ११६१५ | १८७४९ | ० | ० | ३०३६४ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चौरपाटी गाउपालिका अछाम | ११५१५० | ० | ० | ११५१५० | ० | ३१९०१ | १४७०५१ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चौरपाटी गाउँपालिका, अछाम , चौरपाटी गाउँपालिका , अछाम

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | धन बहादुर थापा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अर्जुन प्रसाद जोशी | २०७६-१२-९ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३१,९०१,१६३.९९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,०२,४४,७७९.४४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६,१९,४१,८७५ | **चालु खर्च** | ४२,४०,७४,८९२.७९ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७०,४५,००० | **पूँजीगत खर्च** | १४,६७,३४,६५१ |
| **राजश्व बाँडफाँट** | ८,७६,२०,००२.०९ | **वित्तीय/अन्य व्यवस्था** | २,२३,३२,०८४.९६ |
| **आन्तरिक आय** | १,१३,७०,१०७.३७ | | |

| | | | |
|---|---|---|---|
| **अन्य आय** | ६६,२१,२७०.४२ | | |
| **कुल आय** | ५८,४५,९८,२५४.८८ | **कुल खर्च** | ५९,३१,४१,६२८.७५ |
| **बाँकी मौज्दात** | | १,१७,०१,४०५.५७ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यसगाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वटा वडा, ३९ सभा सदस्य, १८२.१६ वर्ग किलोमिटर क्षेत्रफल तथा हजार २५१४९ जनसंख्या रहेको छ ।<br><br>वित्तीयविवरणविश्लेषण<br><br>**वित्तीय विवरण**ः स्थानीयसरकारसञ्चालनऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | |
| २ | | | **गत वर्षको जिम्मेवारी**<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने | |

र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु २,०२,४४,७७९।४४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु २,०२,४४,७७९।४४ जिम्मेवारी सारेको देखियो ।

३

**बैक हिसाब मिलान नगरेको**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| | | २०७९।३।३२ | २०७९।३।३२ | |
| १. | संचित कोष | ०.०० | २७१९३७।०० | २७१९३७।०० |
| २. | चालु खर्च खाता | ०.०० | १८६३९६४३।४३ | १८६३९६४३।४३ |
| ३ | पुँजीगत खर्च खाता | १६०२५३।६९ | ७३४९२६८।८९ | ७१८९०१५।२० |
| ४ | मर्मत खाता | ० | ० | ० |
| ५ | कल्याण कोष | ७३८४०० | ७३८४०० | ० |
| ६ | प्रकोप व्यवस्थापन कोष | ७०३१९।५० | ७०३१९।५० | ० |
| | जम्मा | ९६८९७३।१९ | २७०६९५६८।८२ | २६१००५९६ |
| | संचित कोष, कल्याण कोष र प्रकोप कोष खाता को जम्मा रकम | | | ६११२०९०।१९ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>२०७९।०४।०९ गते निकासा फिर्ता गरिएको रकम</td><td>२०७९७२२४।४९</td></tr>
</table>
खर्च खातामा खर्च लखिएको तथा बैंक बाट नसाटिएको का कारण बैंक मौज्दात १६०२५४ बढी देखिन्छ।
<table>
<tr><td>साट्न बाँकी चेक</td><td>चेक नं.</td><td>चेक जारी मिति</td><td>रकम</td></tr>
<tr><td>बुद्धि सिङ्ग सुनार</td><td>९४३६४९६</td><td>१०।२०।२०७८</td><td>११८५०।००</td></tr>
<tr><td>मुगा आयल स्टोर</td><td>९३६९७६६</td><td>३।२५।२०७९</td><td>१२६३१३।३६</td></tr>
<tr><td>मानब अधिकार तथा शान्ति समाज</td><td>९३६९८५३</td><td>३।२५।२०७९</td><td>२२०९०।७८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१६०२५४।१४</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४</td>
<td></td>
<td></td>
<td>
आन्तरिक नियन्त्रण प्रणाली
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।
· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।यस वर्ष मध्यकालिन खर्च संरचना तयार गरको छ।· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति
</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गठन गरेको पाईएन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ४९ वटा कानुन निर्माण गरेको ।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>· मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br><br>· निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | · पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br><br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br><br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br><br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | · ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br><br>· पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br><br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ कोदफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्रसभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारीप्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष।उप प्रमुख श्री माया कुँवरले २०७८।०३।१० गते रु. ४२०३८८००० को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।१० मा पारित भएकोछ । | |

६

**चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पुँजीगत खर्च | १४६७३४६५०।९९ | १४६३७८०६।०६ | ४८१४७८६०।८६ | ८३९४८९८४।०७ | ५२२१५३६२।६९ |
| २ | चालु खर्च | १५७२४५७००।६२ | ६५६०४५१२।९५ | ७५६१७५६९।९८ | १६०२३६१७।६९ | ९२२५४४६१।६९ |
| | कूल खर्च: | ३०३९८०३५१।६१ | ८०२४२३१९।०१ | १२३७६५४३०।८४ | ९९९७२६०१।७६ | १४४४६९८२४।३८ |
| | खर्च प्रतिशत | १०० | २६.४० | ४०.७१ | ३२.८९ | ४७.५३ |

७

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २५२६०९२९ | २१४५१०३३।३६ | ८४.९१ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>सामाजिक क्षेत्र</td><td>९५८२७७१९|०३</td><td>९२७९५४३५|१२</td><td>९६.८३</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>२७०१७३२१७</td><td>२५०४४१९०३|८४</td><td>९२.६९</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>०|००</td><td>०|००</td><td>०|००</td></tr>
<tr><td>संस्थागत विकास सेवा प्रवाह र सुशासन</td><td>१११५००००</td><td>११०९९१५०|९५</td><td>९९.५४</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>०|००</td><td>०|००</td><td>०|००</td></tr>
<tr><td>अन्य कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>७४९९१६२१</td><td>७२४०६८२८|३५</td><td>९६.५५</td></tr>
<tr><td>जम्मा</td><td>४७७४०३४८६|०३</td><td>४४८१९४३५१|६२</td><td>९३.८८</td></tr>
</table>
<br>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास र सेवा प्रवाहमा सबैभन्दा बढी ९९.५४ प्रतिशत र आर्थिक विकासमा मा सबै भन्दा घटीमा ८४.९१ प्रतिशत रहेको छ ।
</td>
<td></td>
</tr>
<tr>
<td>८</td>
<td></td>
<td></td>
<td>
खर्च बिश्लेषण
<br><br>
गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ११३७०१०७|३७ राजस्व बाँडफाँड र अनुदानबाट रु ४४६८४८००२|०९ आम्दानी भएकोमा चालु तर्फ रु ३०१२६७६१७|७९ र पूँजिगत तर्फ रु १३५८४१६५२.६७ समेत रु ४३७१०९२७०.४६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ८२२१५०० खर्च
</td>
<td></td>
</tr>
</table>

भएको छ जुन आन्तरिक आयको ७२.०३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.४२ प्रतिशत चालु र ३०.४० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

९

**योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष बोलपत्र तथा उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| माक्र. सं. | विवरण | योजना संख्या | रकम(रु हजारमा) |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ३५ | ३१२८ |
| २ | रु १ लाख देखि पाँच लाख सम्मका योजना | ९१ | २२६३० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | १९ | १४९६२ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | ३१ | ६५८६६ |
| ५ | ५० लाख भन्दा माथीका | ४ | ३०३०० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>जम्मा</td><td>१८०</td><td>१३६८८६</td></tr></table> | |
| १० | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १०४ जना कर्मचारीहरु करारमा राखी रु.९७७०३०१।३० खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १६ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २४०५०००।०० भुक्तानी गरेकोमा नियमसम्मत नभएको रु | २,४०५,००० |
| ११ | | | **कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.७३८४००।०० ट्रान्सफर गरेको छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कर्मचारी कल्याणकोष कार्यविधि निर्माण गरेको छ। | |
| १२ | | | **न्यायीक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | | टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ४ गरी कुल ६ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १३ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को सम्पूर्ण आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। | |
| १४ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२३७८६५८।०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १५ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष रु ३१५१९०।०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १६ | | | **अनुदान फिर्ता**<br><br>– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी | |

रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित चालु आ. व. को मिति २०७९।४।९ गरेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २३५९८३००० | २१५२११३४६.५६ | २०७७१६५३।४४ |
| | विषेश | ५४००००० | ५४००००० | ०.०० |
| | समपुरक | ५४००००० | ५४००००० | ०.०० |
| | अन्य | ०.०० | ०.०० | ०.०० |
| प्रदेश सरकार | शसर्त | ०.०० | ०.०० | ०.०० |
| | विषेश | ५०००००० | ४९७४४२८.८१ | २५५७१.१९ |
| | समपुरक | ५४९३००० | ५४९३००० | ०.०० |
| | अन्य | ०.०० | ०.०० | ०.०० |
| | जम्मा | २५७२७६००० | २३६४७८७७५.३७ | २०७९७२२५।६३ |

१७

**अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदान दिएकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने

| | | | | |
|---|---|---|---|---|
| | | | अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **नाफामूलक संस्थालाई अनुदान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ४ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.६७९४५०।०० अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | अन्जली एण्ड कुशल मलासी पशुपंक्षी फर्म | अनुदान सहयोग | १७०२०० |
| २ | कृष्ण कृषि तथा पशुपंक्षी फर्म | | १६९७५० |
| ३ | जगत पशुपालन फर्म | | १६९७५० |
| ४ | रितु पशुपंक्षी फर्म | | १६९७५० |
| | जम्मा | | ६७९४५० |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **जिन्सी**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५५(१) मा जिन्सी मालसामान जिम्मा लिनेले कामबाट अलग हुँदा आफ्नो जिम्माामा रहेको सामानको बरबुझारथ गर्नुपर्ने उल्लेख छ। गाउँपालिका अध्यक्षको उपस्थितिमा २०७९ वैशाख १० मा बसेको वैठकले जनप्रतिनिधिसंग रहेको सार्वजनिक सम्पत्ति बरबुझारथ गर्ने निर्णय समेत गरेको छ। निवर्तमान | १८४,५०० |

| | | | | |
|---|---|---|---|---|
| | | | वडाध्यक्ष ५ को टेकबहादुर खड्का, वडाध्यक्ष ३ को रामबहादुर साउँद, वडाध्यक्ष ६ को मने साउँदसंग एक एक वटा ल्यापटप जिम्मामा रहेकोमा लेखापरीक्षण अवधि २०७९।०५।११ सम्म पालिकामा फिर्ता गरेको पाइएन। जिन्सी खाता अनुसार प्रति ल्यापटपको मूल्य रु·६१,५००।ले ३ ल्यापटपको मूल्य रु·१,८४,५००।रहेको हुँदा निजहरुसंग जिम्मामा रहेको ल्यापटप फिर्ता हुनुपर्ने अन्यथा उक्त जिन्सी सामानको मूल्य असुल हुनुपर्ने रु·<br><br>**क्रम** / **कर्मचारीको नाम** / **असुली रकम**<br>१९.१ / टेकबहादुर खड्का / ६१,५००<br>१९.२ / मने साउँद / ६१,५००<br>१९.३ / रामबहादुर साउँद / ६१,५०० | |
| २० | | | **सार्वजनिक सम्पत्तीको अभिलेख**<br><br>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| २१ | | | **सवारी साधन खरिद**<br><br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.३०००००।०खर्च गरेका छन् । | |
| २२ | | | **कोभिड-१९ तर्फ**<br><br>आ.व. २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको | |

Nested table (within row above):

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| १९.१ | टेकबहादुर खड्का | ६१,५०० |
| १९.२ | मने साउँद | ६१,५०० |
| १९.३ | रामबहादुर साउँद | ६१,५०० |

<table>
<tr><td></td><td></td><td></td><td>विवरण निम्नानुसार रहेको छः
<table>
<tr><td>आम्दfनी स्रोत</td><td>रकम रु</td><td>खर्च शिर्षक</td><td>रकम रु</td></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>०</td><td>राहत वितरण</td><td>०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>९०००००</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>०</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>०</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td>०</td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>०</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>०</td><td>खोप कार्यक्रम खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>९०००००</td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>०</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>९०००००</td><td></td><td>९०००००</td></tr>
</table>
कोभिड तर्फ अन्य आम्दानी खर्च नभएको र पालिकाले बजेट व्यवस्था गरेको रकम रु ९००००० कोभिड अस्पतालको डाक्टर र कर्मचारीको तलब भतामा खर्च भएको छ ।।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले प्रोत्साहन कार्यविधि २०७८ बनाई ४ जना कर्मचारीलाइ रु ४१३२८०।० प्रोत्साहन भता भुक्तानी गरेको छ। | |
| २४ | | | **भत्ता भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३३ तथा सार्वजनिक खर्चमा मितव्ययिता कायमगर्ने सम्बन्धि मापदण्ड २०७७ को दफा ६ को उपदफा (६) कानून बमोजिम गठन भएको समिति वा संचालक समितिको बैठकका लागि कार्यालय भन्दा बाहेकको समयमा सम्पन्न भएको बैठकको भत्ता उपलब्ध गराइने छ। एउटै निकाय बैठक बसेको भए त्यस्तो बैठकको लागि बैठक भत्ता उपलब्ध गराइने छैन भनी उल्लेख भएकोमा गाउँपालिकाले निम्न उल्लेखित कर्मचारीहरुलाई मुल्यांकन समितिको बैठक वापत भत्ता उपलब्ध गराएकोले सम्बन्धितबाट असुल गरी संघिय बेरुजु खातामा दाखिला गर्नुपर्ने रु· | २४४,८०० |

| क्र• सं• | पदाधिकारीको नाम | बैठक संख्या | दर रु• | असुल गर्नुपर्ने (कर कट्टा बाहेक) |
|---|---|---|---|---|
| १• | धनबहादुर थापा | ३२ | १५००। | ४०,८००। |
| २• | लोकेन्द्र बहादुर रावल | ३२ | १५००। | ४०,८००। |
| ३• | अर्जुन प्रसाद जोशी | ३२ | १५००। | ४०,८००। |
| ४• | सुभाष बहादुर कामी | ३२ | १५००। | ४०,८००। |
| ५• | सिद्वराज जोशी | ३२ | १५००। | ४०,८००। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६•</td><td>कपिल विष्ट</td><td>३२</td><td>१५००।</td><td>४०,८००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२,४४,८००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
स्वकीय सचिव र सल्लाहकार<br><br>
सुदुर पश्चिम प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँ प्रमुखको कानुनी सल्लाहाकार का रुपमा अधिकृत स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री खड्क बहादुर खड्कालाई नियुक्त गरी मासिक रु. २५०००।०० का दरले १० महिनाको भुक्तानी गरेको अनियमित देखिएको रु.
</td><td>२५०,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>
वैदेशिक भ्रमण<br><br>
दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका देहाएका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक भ्रमणमा सम्बन्धित निकायबाटै भ्रमण खर्च व्यहोरिएको छ ।<br><br>
<table>
<tr><td>सि.नं.</td><td>बैदेशिक भ्रमणमा जानेको पद र नाम</td><td>भ्रमण गरेको देश</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>गा. पा. अध्यक्ष श्री हर्क बहादुर साउद</td><td>जर्मनी</td><td>नभएको</td></tr>
</table>
<br>
यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियममा उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको देखिएन ।
</td><td></td></tr>
</table>

<table>
<tr><td>२७</td><td></td><td></td><td>

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकिकृत सम्पति कर र घर जग्गा कर</td><td>५५००००</td><td>५२७१८०</td><td>९६</td></tr>
<tr><td>घर जग्गा बहालकर</td><td>१०००००</td><td>८६११७</td><td>८६</td></tr>
<tr><td>व्यवसाय कर</td><td>१०००००</td><td>७३५५०</td><td>७४</td></tr>
<tr><td>बहाल विटौरी</td><td>११२५००००</td><td>१०६८३२६०।३७</td><td>९५</td></tr>
</table>

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>

**उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ११५ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ४१५२०९५८।० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायीरुपमा गठन हुने र कार्यसम्पन्न पश्चात्समितिविघटन हुने हुँदा निर्माणकार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मतसम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउनेभएकोले स्थायी संयन्त्र मार्फत काम ,गराउने गरी सुधार

</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**सब कन्ट्र्याक्टर**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैँले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नसकिने व्यवस्था छ। पालिकाले विभिन्न वडामा सडक सरसफाई तथा सडक स्तरोन्नतिको काम उपभोक्ता समितिसंग सम्झौता गरी सम्बन्धित वडाको सिफारिस सहितको आधारमा भुक्तानी गरेको छ।उक्त कार्य उपभोक्ता समिति आफैँले नगरी निम्न सब कन्ट्र्याक्टरबाट काम गराएको छ। निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा मुल्य अभिवृद्बि कर समेत भुक्तानी भएको छ। ठेक्का मार्फत उक्त कार्य गराई प्रतिस्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समितिमार्फत सब कन्ट्र्याक्टरले पेश गरेको विलको रकम भुक्तानी गर्दा थप व्ययभार परेको छ। सो सम्बन्धमा पालिकाको ध्यान जानुपर्छ।

<table>
<tr><td>गो• भौ• नं• मिति</td><td>सब कन्ट्र्याक्टरको नाम</td><td>भुक्तानी (मु•अ•कर समेत)</td></tr>
<tr><td>३३।०७८।०६।२४</td><td>साउद कन्सट्रक्सन प्रा• लि•</td><td>४४,५७४१८।१४</td></tr>
<tr><td>६१।०७८।०९।२०</td><td>रुपेश एण्ड अशोक निर्माण सेवा प्रा• लि•</td><td>१४,६९०००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५९,२६,४१८।१४</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>

**आइटम दर**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुसुची १ बमोजिम श्रमिकको खर्च, निर्माण सामग्री खर्च,उपकरणको भाडा समावेश गरी आइटमको दररेट निकाल्नु पर्ने उल्लेख छ। मेशिन मेड ग्याबियन २·०*१·०*१·०/१ साइजको २६·३१ तौलको प्रतिबक्स मुल्य रु·३००९।मा मूल्य अभिवृद्बिकर रु·३९१·१७ समेत जोडी प्रतिबक्स दर रु·४७३७। निकालेको छ। आइटमको दरमा मुल्यअभिवृद्बि कर समावेश गर्न नहुनेमा मूल्य

</td><td>१७१,३६६</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | अभिवृद्बि कर समेत जोडेको पाइयो। निर्माण व्यवसायीलाई रनिङ विलको भुक्तानी गर्दा कुल कार्यको मुल्यमा मूल्य अभिवृद्बि कर थप गरी भुक्तानी गरिने हुँदा आइटमको दरमा नै मूल्य अभिवृद्बि कर जोड्दा दोहोरो मूल्य अभिवृद्बि कर भुक्तानी भएको छ।यसले खालगडा कप्ताली रोलखोला चित्रेना ग्रामिण सडकको दोस्रो रनिङ विलसम्म भुक्तानी ग्याबियन बक्स परिमाण क्यु· मि· ६२४·७५ दर रु·२००।ले हुने रु·२,४३,०००।र रामागाउँ दाडिम ग्रामिण सडकको अन्तिम बिल बमोजिम भुक्तानी परिमाण ३८४ क्यु· मि· दर रु·२८००।ले हुने रु·१०,७५,२०० समेत जम्मा भुक्तानी रु· १३,१८,२००।को मूल्य अभिवृद्बि कर रु·१,७१,३६६।असुल गर्नुपर्ने रु· | |
| ३१ | | | **सौझै खरिद**<br><br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रु•५ लाखसम्मको खरिद कार्य सौझै गर्न सकिने रु•५ लाखभन्दा माथि रु•२० लाखसम्म सिलवन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। साथै खरिद गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढी खरिद गर्न नहुने एंव एउटा आपूर्तिकर्तासंग एकपटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ।पालिकाले मेशिनरी औजार र विभिन्न निर्माण कार्यमा रु•५ लाखमा नबढाई पटक पटक गरी खरिद गरेको छ। एक आर्थिक वर्षमा एउटै सप्लायर्स तथा निर्माण व्यवसायीबाट एक पटकभन्दा बढी पटक खरिद गरेको पाइयो। यसरी कानूनसम्मत तरिकाले निम्न सप्लायर्सबाट खरिद कार्य तथा निर्माण कार्य भएकोले अनियमित देखिएको रु· | ४,६४१,५४४.९८ |

| गो• भौ• नं• मिति | सप्लायर्स⁄ निर्माण व्यवसायी | खरिद⁄ निर्माण | भुक्तानी रु• |
|---|---|---|---|
| १०।०७८।०५।२२ | गाड खोला ट्रेडर्स | मेशिनरी औजार खरिद | ५,०२,९८३। |
| ४०।०७८।०८।१४ | गाड खोला ट्रेडर्स | मेशिनरी औजार खरिद | ३,०८,७००। |
| १०३।०७८।१०।२५ | गाड खोला ट्रेडर्स | मेशिनरी औजार खरिद | ४,९९,५००। |
| १७०।०७८।१२।१२ | गाड खोला ट्रेडर्स | मेशिनरी औजार खरिद | ५,००,०००। |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>१२७।०७८।११।११</td><td>मालिका निर्माण सेवा</td><td>सडक मर्मत</td><td>४,९९,४६६।७६</td></tr>
<tr><td>५६।०७८।०९।१३</td><td>उपहार निर्माण सेवा</td><td>सडक मर्मत</td><td>४,७९,९४०।६६</td></tr>
<tr><td>५४।०७८।०९।१३</td><td>उपहार निर्माण सेवा</td><td>सडक मर्मत</td><td>४,८०,९५५।१२</td></tr>
<tr><td>२७२।०७९।०३।२३</td><td>जयश्री वैधनाथ कन्सट्रक्सन</td><td>खानेपानी योजना मर्मत</td><td>२,७०,०४२।७४</td></tr>
<tr><td>२६१।०७९।०३।२०</td><td>रोयल सि• वि• कन्सट्रक्सन एण्ड सप्लायर्श</td><td>सडक मर्मत</td><td>७,१५,५७५</td></tr>
<tr><td>२५५।०७९।०३।१९</td><td>सन्निकोट निर्माण सेवा</td><td>सडक मर्मत</td><td>३,८४,३८१।७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४६,४१,५४४।३२</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३२</td>
<td></td>
<td></td>
<td>
डीपीआर खर्च<br><br>
बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><br>
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>मन्दिरको</td><td>ए पि इन्जिनियरिङ्ग</td><td>६७८०००</td><td>६७८०००</td><td>०</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>डीपीआर</td><td>डिजाइन सोलुसन प्रा लि</td><td></td><td></td><td></td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
शिक्षक दरबन्दी र पदपूर्ति<br>
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>४२ विद्यालय</td><td>९०</td><td>८७</td><td>२४</td><td>७२४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता<br>
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका स्वयंसेवक शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.४३१९००१।३३ तलब भत्ता भुक्तानी गरेको पाईयो ।
</td><td>४,३१९,००१.३३</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
औषधी खरिद<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सकिने व्यवस्था छ । तर यस पालिकाले सोझै तथा शिलबन्दी दरभाउपत्रका माध्यम समेतका प्रक्रिया अपनाई औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br><br>· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br><br>· आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br><br>· औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो पर्खाल घेराबार निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४२५ जनालाई रोजगारी उपलव्ध गराई रु २४५२२५०० खर्च गरेको छ । लक्षित वर्गलाई ५० दिनदेखि १००दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत | |

| | | | | |
|---|---|---|---|---|
| | | | खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३७ | | | **नमुना विद्यालय।राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br><br>नमुना विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिकामा प्रगतिको आधारमा अनुदान रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ।शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रमा चालु आर्थिक वर्षभित्र कार्यक्रम सम्पन्न गर्न व्यवहारिक कठिनाई देखिएकोले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित विद्यालयको खातामा तत्काल निकासा दिई सो को प्रतिवेदन, लेखापरीक्षण, सामाजिक परीक्षण लगायतका कार्यको लागि सम्बन्धित विद्यालयलाई जिम्मेवार र जवाफदेही बनाउने प्रथम किस्ता ५० प्रतिशत रकम र कार्यसम्पन्न पश्चात थप ५० प्रतिशत रकम उपलब्ध गराउने उल्लेख छ। कार्यालयले निम्न विद्यालयको खातामा निकासा दिएकोमा हालसम्म विद्यालय भवन निर्माण सम्पन्न भएको पाइएन।कार्यालयले आर्थिक वर्षको अन्त्यमा २०७९।०३।२७ मा र २०७९।०३।३१ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माण कार्य सम्पन्न नभएको कारण उल्लेख गरी रकम रोक्का गर्न सेन्चुरी कमर्सियल बैंक अछामलाई पत्राचार गरेको छ। विद्यालय भवन निर्माण कार्य नहुँदै पूरै रकम निकासा दिनु नियमसम्मत नदेखिएकोले विद्यालय भवन निर्माण कार्यको निर्माण सम्पन्न प्रमाण पेश हुनुपर्दछ रु·<br><br>क्र.सं. \| विद्यालयको नाम \| विद्यालयको खाता नम्बर \| रकम<br>१• \| ध्रुवतारा आ• वि• सिउँडी १ \| १२४००००००५० CA \| १६,७२,७३५।<br>२• \| सिउँडी मा• वि• सिउँडी \| १२४००००००४६ CA \| ११,०००००।<br>३• \| वैजनाथ नमूना मा• वि• पायल \| १२४०००००१०६ CA \| १,००,००,०००।<br>जम्मा \| १,२७,७२,७३५। | १२,७७२,७३५ |
| ३८ | 122 | २०७९-१-२० | **आइ सि टी पुस्तकालय** | १,९५०,००० |

<table>
<tr><td></td><td></td><td></td><td>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम विद्यालयलाइ प्राप्त भएको अनुदान रकमको नियमानुसार कार्य सम्पन्न गरी कामको फोटो सम्बन्धित वडाको सिफारिस विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय कार्य सम्पन्न भएको प्रमाण पेश हुनु पर्ने रु
<table>
<tr><td>विद्यालयको नाम</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>सिउडी मा वि १</td><td>पुस्तकालय</td><td>६५००००</td></tr>
<tr><td>देहीमाण्डौ मा वि ६</td><td>आ इ सि टि</td><td>६५००००</td></tr>
<tr><td>गगुडा आ वि ३</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td>११९</td><td>२०७९-१-१९</td><td>
निशुल्क पाठ्यपुस्तक<br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीलाइ नि:शुल्क पाठ्यपुस्तक उपलव्ध गराउने निति अनुसार ४२ विद्यालयलाइ पाठ्यपुस्तक वापत रु ४३७९४६२।०० निकासा दिएकोमा खुद विद्यार्थी संख्याभन्दा १३१ जना बढी विद्यार्थी देखाएकोले बढी निकासा भएको रकम असूल हुनु पर्ने रु
<table>
<tr><td>कक्षा</td><td>दिएको विद्यार्थी</td><td>दिनुपर्ने विद्यार्थी</td><td>पाठय पुस्तक दर</td></tr>
<tr><td>१</td><td>११८७</td><td>११८३</td><td>५१८।४</td></tr>
<tr><td>२</td><td>८५५</td><td>८५०</td><td>५५६।८०</td></tr>
<tr><td>३</td><td>८१४</td><td>८१०</td><td>५८०।८</td></tr>
</table>
</td><td>८४,५५६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>६२६</td><td>६१२</td><td>६०२।८०</td></tr>
<tr><td>५</td><td>७२५</td><td>६९९</td><td>४०८।१</td></tr>
<tr><td>६</td><td>६४८</td><td>६४२</td><td>७१२।८</td></tr>
<tr><td>७</td><td>६२७</td><td>६१६</td><td>७५२।४</td></tr>
<tr><td>८</td><td>५५२</td><td>५२२</td><td>८६२।५</td></tr>
<tr><td>९</td><td>५१९</td><td>५०१</td><td>७७४।४</td></tr>
<tr><td>१०</td><td>४३३</td><td>४२०</td><td>४९६।५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td>123</td><td>२०७९-१-२०</td><td>
प्रति विद्यार्थी लागत अनुदान<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीलाइ प्रति विद्यार्थी लागत अनुदान उपलव्ध गराउने व्यवस्था अनुसार यस वर्ष ४२ विद्यालयलाइ २०२४३००।०० निकासा दिएकोमा बढी रकम निकासा दिएकोले असूल हुनु पर्ने रु<br><br>
<table>
<tr><td>कक्षा</td><td>दिएको विद्यार्थी</td><td>दिनुपर्ने विद्यार्थी</td><td>दर</td></tr>
<tr><td>१</td><td>११८७</td><td>११८३</td><td>१००</td></tr>
<tr><td>२</td><td>८५५</td><td>८५०</td><td>१५०</td></tr>
<tr><td>३</td><td>८१४</td><td>८१०</td><td>१५०</td></tr>
<tr><td>४</td><td>६२६</td><td>६१२</td><td>१५०</td></tr>
<tr><td>५</td><td>७२५</td><td>६९९</td><td>१५०</td></tr>
</table>
</td><td>२३,३५०</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>६</td><td>६४८</td><td>६४२</td><td>२००</td></tr>
<tr><td>७</td><td>६२७</td><td>६१६</td><td>२००</td></tr>
<tr><td>८</td><td>५५२</td><td>५२२</td><td>२००</td></tr>
<tr><td>९</td><td>५१९</td><td>५०१</td><td>२००</td></tr>
<tr><td>१०</td><td>४३३</td><td>४२०</td><td>२००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४१</td>
<td>103</td>
<td>२०७८-१२-१८</td>
<td>
छात्रा छात्रबृति<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम कक्षा १ देखि ८ सम्मका छात्रालाइ र दलित छात्रा छात्रलाइ जनही रु ४००।०० का दरले छात्रबृति उपलव्ध गराउने व्यवस्था छ । यस वर्ष दलित तर्फ रु ८०२४००।० र छात्रा तर्फ रु १२३२८००।०० समेत रु २०४०४००।०० विद्यालयको खातामा निकासा गरेको छ ।दलित छात्रा छात्रलाइ निकासा गरेपछि बाकी रहेका छात्रालाइ निकासा दिनु पर्नेमा कूल छात्रा मध्ये दलित छात्रा घटाएर निकासा दिनु पर्नेमा दलित छात्रा समेत समावेश गरी निकासा गरेकोले दोहोरो निकासा भएको छात्रबृति रकम असूल हुनु पर्ने रु<br><br>
<table>
<tr><th>कक्षा</th><th>कूल छात्रा</th><th>दलित छात्रा</th><th>दिनुपर्ने</th><th>बढि संख्या</th></tr>
<tr><td>१</td><td>६०२</td><td>१९९</td><td>४०३</td><td>१९९</td></tr>
<tr><td>२</td><td>४५९</td><td>१७५</td><td>२८४</td><td>१७५</td></tr>
<tr><td>३</td><td>४२४</td><td>१३४</td><td>२९०</td><td>१३४</td></tr>
<tr><td>४</td><td>३१२</td><td>१११</td><td>२०१</td><td>१११</td></tr>
<tr><td>५</td><td>३८१</td><td>१५३</td><td>२२८</td><td>१५३</td></tr>
<tr><td>६</td><td>३३६</td><td>९६</td><td>२४०</td><td>९६</td></tr>
</table>
</td>
<td>४१२,४००</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>३१४</td><td>९१</td><td>२२३</td><td>९१</td></tr>
<tr><td>८</td><td>२५४</td><td>७२</td><td>१८२</td><td>७२</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>१०३१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td>२२२</td><td>२०७९-३-२५</td><td>
नमुना विद्यालय तर्फ शैक्षिक सुधार अनुदान<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम गुरु योजना स्वीकृत भए अनुसार कार्यालयबाट रु ५००००००।०० निकासा भएको रकम नियमानुसार कार्यक्रममा खर्च गरी खर्चका प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ ।शैक्षिक सुधार तर्फको कार्यक्रम संचालन गरेका विवरण परीक्षण गर्दा साल बसाली नियमित रुपमा निकासा खर्च हुने रकम समेत समावेश गरेको पाइयो । अत: नमूना विद्यालय गरु योजना बमोजिम यथार्थ खर्चका विवरण पेश भएको छ भनी आश्वस्त हुने अवस्था नरहेकोले कार्यालयले निरीक्षण अनुगमन गरी गुरुयोजना बमोजिम कार्य भएको आश्वस्त गराउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>
सट्टा शिक्षक<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा सट्टा शिक्षकको व्यवस्था छैन । यस वर्ष बैजनाथ मा वि लाइ सट्टा शिक्षकको तलब भत्ता भनी रु ३९२६००।०० निकासा गरेको पाइयो । अत: स्रोत व्यक्तीको प्रावधान हटि सकेपछि पनि सट्टा शिक्षकको तलब भता निकासा दिन मिल्ने आधार नदेखिएको रु<br><br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>४३.१</td><td></td><td>०</td></tr>
</table>
</td><td>३९२,६००</td></tr>
<tr><td>४४</td><td>74</td><td>२०७८-१०-२६</td><td>
व्यक्तिगत फर्मलाइ अनुदान<br><br>
बारब्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रमको निरन्तरतालाइ रु ७०००००।०० अनुदान दिएको छ । नाफा कमाउने उद्देश्यले व्यक्तिगत रुपमा दर्ता भएका संस्थालाइ गत वर्ष देखि नै अनुदान उपलव्ध गराउदै आएको छ । यसरी सर्वसाधारण कृषकलाइ आत्मानिर्भर गराउने कार्यक्रम संचालन नगरी नाफा मूलक संस्था संचालन गर्नेलाइ
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | अनुदान दिने कार्य उपयुक्त देखिएन । अनुदान पाउनेको विवरण निम्नानुसार छन् :<br><br><table><tr><td>फर्मको नाम</td><td>अनुदान रकम</td></tr><tr><td>अन्जली एण्ड कुशल मलासी पशुपंक्षी फर्म</td><td>१७०२००</td></tr><tr><td>कृष्ण कृषि तथा पशुपंक्षी फर्म</td><td>१६९७५०</td></tr><tr><td>जगत पशुपालन फर्म</td><td>१६९७५०</td></tr><tr><td>रितु पशुपंक्षी फर्म</td><td>१६९७५०</td></tr></table> | |
| ४५ | 12 | २०७८-६-१७ | **बढी निकासा**<br><br>डुंग्री प्रा.वि. सोकटका प्रा वि शिक्षक कपिल कुमार जोशीले २०७८।६।२२ मा राजिनामा दिएकोमा प्रथम त्रैमासिकमा श्रावण देखि असोजसम्म र पर्व खर्च समेत रु १४१२२५।२० निकासा भएकोले ९ दिनको बढी निकासा भएको रकम रु १०४७६।० असूल हुनु पर्ने रु | १०,४७६ |
| ४६ | 55 | २०७८-९-७ | **स्यानिटरी प्याड**<br><br>एन्जिला ट्रेड एण्ड सप्लायर्स साँफेबगरबाट रु६२।० का दरले २१७२१ पाकेट ( २१७२१*८१७३७६८ थान) स्यानिटरी प्याड रु १३४९९६०।०० मा खरिद गरेको छ । गत वर्ष पनि ५००० थान खरिद गरेको देखिन्छ । विद्यालय खुलेको दिनलाइ आधार मानेर छात्रा संख्याको अनुपात अनुसार गत वर्षको मौज्दात समेत यकिन गरी सम्बन्धित विद्यालयलाइ हस्तान्तरण गरी उक्त सामान विद्यालयले दाखिला गरेको प्रमाण समेत संलग्त गरी प्रतिवेदन पेश हुनु पर्दछ । | |
| ४७ | | | **अनुदान**<br><br>यस वर्ष विभिन्न शिर्षकमा कृषकलाइ अनुदान उपलव्ध गराएकोमा कृषकबाट पचास प्रतिशत रकम संकलन गरेकोमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | उक्त रकम कार्यालयको विविध खातामा आम्दानी नगरी सम्बन्धित प्राविधक कर्मचारीले नै बुझिलिएको पाइयो ।अत: कृषकबाट संकलन गरेको रकमकार्यालयको विविध खातामा दाखिला गरी कार्यक्रम सम्पन्न भए पश्चात कार्यालयको अंश र कृषकसँग संकलन गरेको रकम एक मुष्ट सम्बन्धितलाई नियमानुसारका कर कट्टा गरी भुक्तानी गर्नु पर्दछ ।कार्यालयमा दाखिला नगरी सम्बन्धित प्राविधिकले नै संकलन गरेको कृषकको अंश रकम केही उदाहरण निम्न अनुसार छन्: | |

| शिर्षक | भौ नं | विवरण | रकम |
|---|---|---|---|
| कृषि चालु | ९।०७८।६।२० | तरकारी विउ | ५०००० |
| कृषि चालु | १३।०७८।९।२५ | प्लष्टिक | १९६००० |
| कृषि चालु | १९।०७८।११।६ | फलफूल विरुवा | १६८७५० |
| शशर्त चालु | २१९।०७९।३।२४ | गहुँको विउ | २०७७४२ |
| शशर्त चालु | ९९०७८।१२।१० | आलुको विउ | २४५००० |

| | | | | |
|---|---|---|---|---|
| ४८ | २७९ | २०७९-३-२३ | **बढी परिमाणको भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख)मा खरिद सम्झौताअनुसार सार्वजनिक निकायले रनिङ विलको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। शिरोमणी आ· वि ८ कोठे भवन निर्माण गर्न न्यू कालभैरव कन्स्ट्रक्सनसंग रु·७२,०८,६३३।५६ को ठेक्का सम्झौता भएकोमा अन्तिम रनिङ विलअनुसार रु·७१,७५,३८१।८४ भुक्तानी भएको छ। उक्त कार्यको विल अफ क्वान्टिटिमा उल्लेखित आइटम नं·१ एक्साभेटरबाट माटो खन्ने कामको नापी अनुसार (संख्या ५*लम्बाई५०*चौडाई१५·५*उचाई ५·३) हुने परिमाण २०५३·७५ घ·मि·को भुक्तानी गर्नुपर्नेमा २१३१·२५ घ·मि·को दर रु·१००।ले रु·२,१३,१२५।भुक्तानी भएकोले नापी भन्दा बढी परिमाण ७७·५० घ. मि. को भुक्तानी बढी भएकोले बढी परिमाण ७७·५० घ·मि·को दर रु· १००।ले रु ७७५०।बढी भुक्तानी भएको हुँदा बढी भुक्तानी असुल गर्नुपर्ने मु·अं·कर समेत रु· | ८,७५८ |

| | | | | |
|---|---|---|---|---|
| ४९ | 33 | २०७८-६-२४ | **बढी भाडा भुक्तानी**<br><br>गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को अर्थसम्बन्धी प्रस्ताव कार्यान्वयन गर्न बनाएको विधेयकको आर्थिक विधेयक २०७९ को अनुसुची ८ मा एक्साभेटर भाडा ब्रेकर प्रतिघण्टा (तेलसहित) दर रु•६,५००। तोकिएको छ। विभिन्न वडामा सडक सरसफाई तथा सडक स्तरोन्नति कामको गत वर्षको भुक्तानी बाँकी रु• ४४,५७,४१८।१४ साउद कन्सट्रक्सनलाई यो वर्ष भुक्तानी गरेकोमा ब्रेकरको प्रतिघण्टा दर रु•७,९६४।ले १११ घण्टाको रु•८,८४,००४ भुक्तानी भएको छ। आर्थिक विधेयकको अनुसुची ८ अनुसार ब्रेकरको प्रतिघण्टा दर रु•६,५००।ले भुक्तानी गर्नुपर्नेमा रु•७,९६४।दरले भुक्तानी भएको हुँदा बढी दर रु•१,४६४।ले १११ घण्टाको रु•१,६२,५०४।० असुल कन्सट्रक्सनबाट गर्नुपर्दछ रु· | १६२,५०४ |
| ५० | | | **पेश्कीको बैंक जमानत**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(४) मा पेश्की दिदाँ निर्माण व्यवसायीबाट लिएको बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्छ्यौट गर्नुपर्ने अवधिभन्दा कम्तिमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्ने उल्लेख छ।खालगडा कप्तोली रोलखोला चित्रेना ग्रामीण सडक निर्माण कार्य गर्न कालिमाई कन्स्ट्रक्सनसँग लिएको पेश्की रु•८ लाख मध्ये पेश्की फर्छ्यौट हुन बाँकी रु•६३,५९५।५० ने• वै• लि• को बैँक जमानतको म्याद समाप्त भएको छ। म्याद थपको लागि पालिकाले २०७९।०३।०९ मापत्राचार गरे तापनि बैंक जमानतको म्याद थप भएको नपाइएको बैंक जमानतको म्याद थप गरेको प्रमाण हुनुपर्दछ रु· | ६३,५९५ |
| ५१ | | | **कार्यस्वीकार प्रतिवेदन**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सो को प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। भवन निर्माण, ग्रामीण सडक निर्माण, सिचाई योजनाको निर्माण कार्य सम्पन्न गरेकोमापालिकाले सम्पन्न गरेको कार्यको भुक्तानी गरेकोमा सो को प्रतिवेदन तयार गरेको छैन। यसले निर्माण गरिएको संरचना उद्देश्य अनुरुप संचालन गर्न उपयुक्त भए नभएको यकीन नहुने अवस्था रहेको छ। सम्पन्न भएको कामको उपयुक्तताको परीक्षण गरी परीक्षण नभएसम्म कार्य स्वीकार गर्न नहुने भएकोले कानूनको पालना हुनुपर्दछ। निर्माण कार्य स्वीकार गर्दा प्रतिवेदन तयार नगरेको ठेक्काको उदाहरण निम्न छन् । | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>ठेक्का नं•</td><td>कार्यको विवरण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>CRM।work।NCB<br>।०३।०७६।७७</td><td>विद्यालय भवन निर्माण</td><td>७१,७५,३८१।८४</td></tr>
<tr><td>CRM।अछाम।NCB<br>।१२।०७८।७९</td><td>सयपडा सिचाई</td><td>९,१९,२९३।००</td></tr>
<tr><td>CRM।अछाम।NCB।w।<br>०४।०७८।७९</td><td>लुङ्गा वैजनाथ ग्रामीण सडक</td><td>१९,०१,३३९।२४</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>५२</td>
<td></td>
<td></td>
<td>
भेरिएसन<br><br>
चौरपाटी गाउँपालिका वडा नं• १ चौरपाटीमा निर्माणाधीन १५ सैयाको अस्पताल भवन निर्माण गर्न २०७८।०३।१७ मा निर्माण व्यवसायी स्वाँर ⁄ एसोसिएट ⁄ रन्जितकार जे• भी• संग रु•१२,५२,९८,७५४।को सम्झौता भएकोमा गाउँ कार्यपालिकाले मिति २०७८।११।१५ को निर्णयबाट सम्झौताको २४ प्रतिशत बढी रु•३,००,८१,६४३।०६ को भेरिएसन स्वीकृत गरेको छ। निर्माण व्यवसायीलाई हालसम्म रनिङ विलको भुक्तानी भएको छैन।भवन निर्माणको कार्य शुरु नहुँदै भेरिएसनको निर्णय भएको छ।<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को ५ क (२) मा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार जाँच वा स्वीकृत गर्ने पदाधिकारी वा सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानूनबमोजिम कारवाहीको भागिदार हुने उल्लेख छ। १५ सैयाको अस्पताल भवन निर्माणको लागत अनुमान तयार गर्दा व्रेस्ट वाल र रिटेनिङ वाल छुट भएको कारणबाट रु• ३,००,८१,६४३।०६ भेरिएसन गरेको छ। भवनको लागत अनुमान तथा डि• पि• आर तयार गर्न परामर्शदाता फर्मलाई रु•१९ लाख ९९हजार भुक्तानी गरेको पाइयो। त्रुटिपूर्ण डिजाइन तथा लागत अनुमान तयार गरेकोमा उक्त परामर्शदाता फर्मलाई केही कारवाही गरेको नपाइएकोले नियमानुसार प्रचलित कानूनबमोजिम कारवाहीको भागिदार बनाउनुपर्दछ। व्रेस्ट वाल र रिटेनिङ वालको
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>परिमाण थप गर्दा आइटमको दररेट जिल्ला दररेटको आधारमा भेरिएसन गरेको छ। सम्झौतामा निर्माण व्यवसायीको कबोल अंक लागतको तुलनामा २१•५२ प्रतिशत घटी रहेकोले सोही आधारमा भेरिएसनबाट थप गरेको परिमाणको दररेटमा भेरिएसन रु•३,००,८१,६४३।०६ को २१•५२ प्रतिशत घटि रु•६४,७३,५६९।५८ हुनुपर्नेमा जिल्लादररेटमा नघटाई भेरिएसनको कारणबाट बढी व्ययभार परेको छ। भेरिएसन गरेको परिमाणको दररेटमा प्रतिस्पर्धा नभएकोले व्रेस्ट वाल र रिटेनिङ वाल थप गरेको परिमाणको मुल्यमा जिल्लादररेटको आधारमा भेरिएसनको निर्णय भएकोले रु•६४,७३,५६९।५८ बढी व्ययभार परेको मनासीब देखिएन।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>नन्फाइलर<br><br>आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसारठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. ६४०३८।०कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।<br><br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>२२।०७८।६।२०</td><td>एञ्जिला ट्रेड एण्ड सप्लायर्स</td><td>६०२०७२८५०</td><td>२४९२४७७।०</td><td>३२४०२२।०१</td><td>२०७८ आषाढ</td></tr>
<tr><td>१०८।०७८।११।१</td><td>सेविका जेपी जेभी</td><td>६१२८०६९५१</td><td>४७७९७४५।५०</td><td>६२१३६६।९२</td><td>२०७७ पौष</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७२७२२२२।५०</td><td>९४५३८८।९३</td><td></td></tr>
</table>
<br>कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>९४५,३८८.९३</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **सामाजिक सुरक्षा समन्वय समिति**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३८ मा प्रत्येक गाउँपालीका र नगरपालिकाले सामाजिक सुरक्षा भत्ता वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका गाउँपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन । | |
| ५५ | | | **सामाजिक सुरक्षा खर्च**<br><br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ.व. २०७८।७९ मा ७ वडामा सामाजिक सुरक्षा भत्ता बापत रु.११९३३१३८७/- वितरण गरेको छ ।र बढी रहेको रकम रु ३६३५७३।० मिति २०७९।४।१६ गते फिर्ता गरेको पाईयो। | |
| ५६ | 400 | २०७९-२-१६ | **मध्यकालिन खर्च संरचना**<br><br>खप्तड रिसर्च एण्ड डेभलपमेन्ट सेन्टर धनगढीलाइ मध्येकालिन खर्च संरचना तयार गरे वापत रु ७५००००।०० भुक्तानी गरेको छ । कार्यालयले हार्डकपिमा प्रतिवेदन प्राप्त नगरी मेलमा प्रतिवेदन प्राप्त गरी रकम भुक्तानी गरेको पाइयो । सफ्ट कपि र हार्डकपि दुवै प्राप्त गरी प्रतिवेन पुस्तिका जिन्सी दाखिला गर्नु पर्दछ । | |
| ५७ | 112 | २०७८-११-१ | **मूल्य अभिवृद्धि कर कट्टी**<br><br>आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था अनुसार ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार३० प्रतिशत रकम रु. ६४०३८।० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी | ६४,०३८ |

<table>
<tr><td></td><td></td><td></td><td>दिएको देखिन्छ ।
<table>
<tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>प्यान नं.</td><td>भुक्तानी रकम</td><td>मुअकर कर रकम</td><td>३० प्रतिशत रकम</td></tr>
<tr><td>११२|०७८|११|१</td><td>नेपाल ईन्फ्रास्ट्रक्चर डेभलभमेन्ट ईन्भेष्टमेन्ट प्रा. लि.</td><td>६०६५५७७११</td><td>१६३९६५९|२९</td><td>२१३४६०|०</td><td>६४०३८|०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td></tr>
</table>
तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>५८</td><td>६३</td><td>२०७८-६-२४</td><td>विगत वर्षको मु अ कर<br><br>मू अ कर नियमावली २०५३ बमोजिम कारोबार भएको अर्को महिनाको २५ गते भित्रमा मू. अ .कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कोमल ट्रेड एण्ड सप्लायर्स पान नं ६०२७९३१८८ ले २०७७|३|२३ विल नं १०६/१०७/११०/१११ बाट रु १०८१२१|७५ मू. अ. कर मिति २०७८|६|२४ भुक्तानी भएको छ ।अत: उक्त विल नं र मितिमा प्राप्त गरेको मू अ कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालमा दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु</td><td>१०८,१२१.७५</td></tr>
<tr><td>५९</td><td>222</td><td>२०७८-१०-२०</td><td>पुस्तकमा मू अ कर<br><br>मू. अ. कर ऐन २०५२ मा पुस्तकमा मू. अ. कर नलाग्ने उल्लेख छ । साझा एडभरटाइजिङ्ग एजेन्सी धनगढी पान नं ६०७९९५८१५ विल नं ३०|०७८|८|१९ बाट शल्यक्रिया नामक पुस्तक ४५३ थानको रु २००२२६|०० मा रु २६०२९|०० मू अ कर समेत समावेश गरी भुक्तानी भएको छ । मूल्य अभिबृद्धी कर ऐन २०५२ को अनुसूची १४ बमोजिम मू. अ. कर नलाग्ने बस्तुका भुक्तानी भएको कर असूल हुनु पर्ने रु</td><td>२६,०२९</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>विपद व्यवस्थापन तर्फ</td><td></td></tr>
<tr><td>६०.१</td><td></td><td></td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरूगरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६०.२ | | | **विपद् व्यवस्थापन कोष:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको/कोष खडा गरेकोछैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६०.३ | | | **वार्षिक प्रतिवेदन:** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६१ | | | **ब्रोड व्याण्ड इन्टरनेट सेवा**<br><br>नेपाल दुरसंचार प्राधिकरण काठमाण्डौबाट मिति २०७९।२।१७मा भुकम्पबाट अति प्रभावित ८ जिल्ला र काठमाण्डौ उपत्यका बाहिरका ६६ जिल्लाहरुका आधारभूत विद्यालयहरुमा ब्रोड व्याण्ड इन्टरनेट सेवा जडान तथा सन्चालन गर्ने सम्बन्धमा स्थानीय तहसँग सभझदारी पत्रमा हस्ताक्षर गर्ने सम्बन्धि सूचना प्रकाशन गरेको रहेछ। ग्रमिण दुर संचार कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोड व्याण्ड इन्टरनेटको पहुँच पुर्याउन नेपाल दूर संचार प्राधिकरण काठमाण्डौ र | २,६६०,४०० |

| | | | | |
|---|---|---|---|---|
| | | | चौरपाटी गाउँपालिका बिच भएको सम्झौताको बूँदा नं (ग)(१) मा प्राधिकरणले तय गरेको औषत दरभन्दा बढी नहुने गरी मितव्ययी पारदर्शी तथा प्रतिस्पर्धात्मक तरिकाले नेपाल दूर संचार प्राधिकरणबाट इमेल तथा इन्टरनेट सेवाको अनुमति पत्र प्राप्त सेवा प्रदायक मध्येबाट एक सेवा प्रदायक छनौट कार्य सम्पन्न गर्ने शर्तमा रु २६६०४००।०० नेपाल दूर संचार प्राधिकरणबाट प्रप्त भएकोमा कार्यालयले प्रति विद्यालय रु७३९००।०० का दरले ३६ विद्यलयमा निकासा दिएको छ । उक्त सम्झौता अनुसार प्रतिस्पर्धाको आधारमा कार्य सम्न्न नगरी सबै विद्यालयको खातामा रकम निकासा दिएको हुँदा विद्यालयले कुन निकायसँग सम्झौता गरी इन्टनेट जडान गरेको हो र प्रतिस्पर्धाको तरिका समेत नखुलेकोले यस सम्बन्धमा छानविन गरी सम्झौता बमोजिम कार्य सम्पन्न भएको प्रमाण पेश हुनु पर्ने रु | |